# राजविराज नगरपालीका
## नगर कार्यपालिकाको कार्यालय
## राजविराज, सप्तरी मधेश, प्रदेश, नेपाल

प.स.
च.नं.

**विषय : हटिया गुदडी बैठकी बट्टीको खुला डाक बढाबढ आहवानको सूचना ।**

**तेश्रो पटक प्रकाशित मिति :२०७९।०४।२० गते**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम लिन पाउने वडा नं. ७ स्थित स्थायी र न.पा. क्षेत्र भित्र अस्थायी धुम्ती पसल बैठकी बट्टी समेतको असुल तहसिल गर्ने कार्यको ठेक्का २०७९ भाद्र १ गते देखी २०८० अषाढ मसान्तसम्मका लागि ठेक्का बन्दोबस्त गर्न खुला डाक बढाबढ गर्नु पर्ने भएकोले सर्व साधारणको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । २०७९।०४।२६ गते १ बजे इच्छुक महानुभावहरुले तपसिलको शर्त परिधि विच रही डाक बढाबढमा भाग लिन आउनु होला । बढीवालाको डाक स्वीकृत गर्ने वा नगर्ने अधिकार नगरपालिकामा सुरक्षित रहने छ ।

**शर्त तथा बन्देजहरु**

१. २०७९ साल भाद्र १ गते देखी २०८० असार मसान्त सम्म का लागि यस ठेक्काको न्युनतम रकम रु. ४५,५४,०००।०० (अक्षरेपी पैतालिस लाख चौवन हजार) कायम गरिएको छ । न्युनतम रकम भन्दा माथि सवै भन्दा बढी रकम कबोल गर्ने लाई नियमानुसार ठेक्का दिइ चलन गर्न दिईने छ । कबोल गरेको रकम सम्झौता गर्दाको बखत एकमुस्ट पहिलेनै जम्मा गर्नु पर्ने छ । तत् पश्चात सम्झौता गरिने छ । कबोल गरेको रकममा कुनै किसिमको छुट पाईने छैन ।

२. डाक बोल्ने व्यक्ति वा फर्मले डाक बोल्नासाथ आफुले साकार गरेको अंकको ५% तुरुन्त धरौटी राख्नु पर्ने छ । डाक बढाबढ गर्दा न्युनतम रकम भन्दा कम रकम बोलेमा मान्य हुने छैन ।

३. डाक बढाबढ मिति २०७९।०४।२६ गते दिउसो १:०० बजे देखी ५:०० बजे सम्म यस नगरपालिकामा हुने छ ।

४. डाक बढाबढ स्विकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार न.पा.का.मा सुरक्षित रहने छ ।

६. ठेकेदारले ठेका रकम असुल उपर गर्दा सडकमा कुनै पनि प्रकारको ढाट वा अवरोधक हरु राख्ने पाउने छैन ।

७. ठेक्का चलनको सम्बन्धमा अदालत, नगरपालिका, स्थानीय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशनको विना शर्त पालना गर्नु गराउनु पर्ने छ । सो पालना गर्दा कुनै क्षति, हानी नोक्सानी भयो भने नगरपालिका समक्ष मांग दावी ठेकेदारले गर्न पाउने छैन ।

८. ठेक्का चलन गर्दा प्रचलित नेपाल कानुन (संघीय, प्रदेश तथा स्थानीय सरकार) बमोजिम गर्न गराउनु पर्ने छ । सो अनुसार नगरेमा ठेकेदार नै स्वत जिम्मेवार हुनेछ ।

९. ठेक्का चलन गर्दा तोकिएको दररेट भन्दा बढी रकम कुनै पनि हालतमा ठेकेदारले उठाउन पाउने छैन । न.पा. को छाप लागेको रसिद, भरपाई प्रयोजनमा ल्याउनुपर्ने छ । कुनै गलत वा अवैधानिक प्रकृया अपनाएको पाएमा बढीमा ३ पटक सम्म न.पा.ले सचेत गराउने छ । सो गर्दा पनि अटेरी गरेमा न.पा.ले ठेक्का तोडी नियमानुसारको कारवाही का लागी प्रकृया अगाडी बढाउने छ ।

१०. नेपाल सरकारलाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुर रकम ठेकेदारले नै बुझाउनु पर्ने छ ।

१२. ठेकेदारले न.पा.ले तोकेको दररेट ठेक्का उठाउने स्थलमा सबैले देख्ने गरि होर्डिंग बोर्ड बनाई राख्नु पर्नेछ ।

१३. ठेक्का चलन गर्दा विवाद परेमा त्यसको सामाधान ठेकेदारले गर्नु पर्ने छ ।

१४. ठेकेदार र नगरपालिका कार्यालय विच विवाद उतपन्न भएमा राजविराज नगरपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुने छ ।

१५. कुनै पनि बाहाना वा कारण देखाई ठेक्का रकम मिनाहा, छुट ठेकेदारले दावी वा माग गर्न पाउने छैन ।

१६. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुने छ ।

१७. डाक बढाबढ गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।

**ठेकेदारले उठाउन पाउने दर रेट :**

## हटिया वट्टी दरवन्दी दर

| | दर | | दर |
|---|---|---|---|
| "क" श्रणीको चुरा चामल चट्टीदार पसल १ मा | २५।०० | निमक मात्र बेच्ने पसलमा | २०।०० |

| | |
|---|---|
| "ख" श्रणीको  चुरा चामल चट्टीदार पसल १ मा | २०।०० |
| "ग" श्रेणीको  चुरा चामल बट्टीदार पसल १ मा | १५।०० |
| चुना मथबोझी हाडीमा | १०।०० |
| चुना छाछि कराहीमा | १०।०० |
| चुना भारवाला पसल एकमा | १०।०० |
| बांस गोटा  एकमा | २०।०० |
| बांस गांडी एकमा | ९०।०० |
| बांस सानो एक जोडामा | २०।०० |
| कर्ची गाडी एकमा | ४०।०० |
| कर्ची बोझ एकमा | १५।०० |
| जलपान चमेनाको पसल एकमा | २०।०० |
| पान ढोली, थोक बिक्री गर्ने पसल एकमा | २५।०० |
| दही भारवाला पसलमा | १५।०० |
| दही मथबोझी, हाडीबाला पसलमा | १५।०० |
| दही छाछि कराही पसलमा | १५।०० |
| खुरपी, हसुवा, चक्कु फलामे सर सामान वे.पसलमा | २०।०० |
| "क" श्रणीको खैनी, सुर्ति, पीनी, कंकड प्र.प. | १५।०० |
| "ख" श्रणीको खैनी, सुर्ति, पीनी, कंकड प्र.प. | १०।०० |
| पेड,पौधा को बिरुवा बेच्ने प्रति पसल | ३०।०० |
| मिल कपडा तथा फाटा कम्पनी समेतको प. | ३०।०० |
| शिल्क कपडाको पसल एकको | २५।०० |
| मिश्रित कपडाकोपसल, रेडिमेड कपडाको पसल | १४५।०० |
| कम्वल, राडी, पाखीको पसलमा | २०।०० |
| टेपी, बटुवा आदिको पसलमा | १०।०० |
| बिज, बिजन बेच्ने प्रति पसल | २५।०० |
| मट्टितेल बेच्ने प्रति पसल | २०।०० |
| आलु बोरा प्रति पसल | २०।०० |
| आलु साना ढाकीवाला ढाकी एकमा | १५।०० |
| अनाज खरिद गर्ने चट्टिदार पसल | २५।०० |
| "क" श्रणीको पैसारी,मनिहारी, लटकेना पसलमा | ३५।०० |
| "ख" श्रणीको पैसारी,मनिहारी, लटकेना पसलमा | २०।०० |
| चुडी, लहठी समेतको पसलमा | २०।०० |
| चुडीमात्रको पसल | २०।०० |
| लहठीमात्रको पसल | १५।०० |
| मलहनको पात बेच्ने प्रति पसल | २०।०० |
| मलहनको  पातको झीम बेच्ने प्रति पसल | २०।०० |
| सनपाटको डोरी, सिक बेच्ने पसल | २०।०० |
| अत्तर, तेल, दवाई, सावुन आदी प्रति पसल | २०।०० |
| प्रति हजाम | २५।०० |
| छाता मर्मत गर्ने पसलमा | २०।०० |
| जुत्ता मर्मत गर्ने पसल | २०।०० |

| | |
|---|---|
| सिलाई मैसिन प्रति पसल एक मसिनमा | २०।०० |
| "क" श्रणीको सावे डोरी बेच्ने पसल एकमा | २०।०० |
| "ख" श्रणीको सावे डोरी बेच्ने पसल एकमा | २०।०० |
| दाउरा गाडी बैल गाडी एकमा | ३५।०० |
| दाउरा थोक राखि बेच्ने पसलमा | ३५।०० |
| दाउरा भार एकमा | २०।०० |
| दाउरा मथबोझी एकमा | १५।०० |
| पहाडी बांस प्रति बोझ एकमा | २०।०० |
| खर प्रति गाडी एकमा | ३५।०० |
| खर भार एकमा | १५।०० |
| खर बोझा एकमा | १०।०० |
| दाउरा टेक्टर एकमा | ७०।०० |
| जलपान चमेनाको पसल ढाकीवालामा | २०।०० |
| पिठो मात्र पसल | २०।०० |
| शकर, गुर बेच्ने पसलमा | २०।०० |
| दवाई जडिबुटि र सो सरह वेच्नॆ पसलमा | ३०।०० |
| झाडु, कुचो, खररा प्रति पसल | २०।०० |
| पटेर, परालको गुदडी बेच्ने पसल | २५।०० |
| नाड.लो सुप प्रति पसल | २०।०० |
| मोथेको सुकुल (पटिया) बेच्ने प्रति पसल | ३०।०० |
| बच्चाहरुको खेलौना हिडने संग | २०।०० |
| ध्यु टिना सम्मको पसलमा | २५।०० |
| ध्यु खुद्रा बेच्ने पसलमा | २०।०० |
| ध्यु एक टिन भन्दा बढिको पसल | ३०।०० |
| सब्जी बैल गाडी पसल एकमा | ६०।०० |
| सब्जी चट्टिदार  पसल (छानाछाप्रो भएको) | ३५।०० |
| सब्जी ढाकिवाला चट्टिदार पसल | २०।०० |
| करुतेल खुद्रा बेच्ने पसल | २०।०० |
| "क" श्रणीको  किराना सामान बेच्ने पसल | २५।०० |
| "ख" श्रणीको  किराना सामान बेच्ने पसल | २०।०० |
| किराना सामान बेच्ने पसल (भूईमा सानो) | २०।०० |
| माटोको भाडां मथबोझि पसलमा | २०।०० |
| माटोको भांडा  भारवाला पसला | २५।०० |
| बिस्कुटल लेमनचुस, आईसक्रिम बेच्ने पसलमा | २०।०० |
| तेजपात प्रति भार | २५।०० |
| तेजपात प्रति बोझ | २०।०० |
| काठको खडाउ, रही, बेल्ना आदि बेच्ने पसल | २०।०० |
| टोकरी, ढाकी, छिटा, बेच्ने प्रति पसल | २०।०० |
| अलमुनियम, टिना, पित्तले द्रब्यको भाडा प्र.प. | ३०।०० |
| पुस्तक बेच्ने प्रति पसल | २०।०० |
| चटक मटक खेल तमासा प्रति जमात | २५।०० |
| टार्च, ताला आदी मर्मत  गर्ने पसल | २०।०० |
| सुखेको खुर्सानी प्रति बोरा, भारमा | २०।०० |

**सुन्तला, कटहर, केरा जामुन नासपाती कागती आदि समेतको पसलमा**

| | | |
|---|---|---|
| क | गाडी एकमा | रु ५०।०० |
| ख | बोरा एकमा | रु १५।०० |
| ग | भार एकमा | रु २०।०० |
| घ | डोको एकमा | रु १५।०० |
| ङ | ढाकी एकमा | रु १०।०० |
| च | सवै किसिमको फलफुलको मिलावट गर्ने पसल | रु२०।०० |

**माछा,मासु समेतको पसलमा**

| | |
|---|---|
| सवै किसिमको माछा ठुलो प्रति पसल | रु ७५।०० |
| माछा सानो सवै किसिमको प्रति पसल | रु ५०।०० |
| माछा सानो ५ के. जी. सम्मकोगरै, गरचुन्नी पोठी, आदी | रु३०।०० |
| खसी एकको | रु ७५।०० |
| बोका एकको | रु ७०।०० |
| हांस, मुर्गी प्रति जोडा | रु २५।०० |
| परेवा प्रति जोडा | रु २५।०० |
| अण्डा, डिम्वा प्रति पसल | रु २५।०० |
| पकाएको माछा मासु बेच्ने प्रति पसल | रु ३०।०० |
| मासु काचो बेच्ने प्रति पसल | रु ७५।०० |

**अन्य दरवन्दी दर**

| | |
|---|---|
| आंप वैलगाडी पसल एकमा | रु ५५।०० |
| आंप ढाकी पसल एकमा | रु १५।०० |
| आंप भार पसल एकमा | रु २०।०० |
| आंप वोरा पसल एकमा | रु २०।०० |
| आंप ट्रैक्टर पसल एकमा | रु ३५०।०० |
| आंप ट्रक पसल एकमा | रु ६५०।०० |
| प्लाष्टिक डोरी | रु १५।०० |

सव्जी मंडीमा खुला सेड (१० फिट । १०फिट) एक को प्रति महिना रु. १५००।००

**नोट:** ग्राामिण भेगवाट आउने आलु प्रति वोरा १०।००, ग्राामिण भेगवाट आउने आलु प्रति वैलगाडी ३०।००, ग्राामिण भेगवाट आउने आलु प्रति ट्रैक्टर ७०।००, ग्राामिण भेगवाट आउने आलु प्रति ट्रक १७५।००, उपरोक्त उल्लेख भएको दरबन्दी भित्र नरहेको नपरेको माल बास्तको बैठक बट्टी रकम रु ३। देखि रु ३५।०० सम्म क्षमता अनुसार असुल गर्ने तथा मालवाहक हलुका तथा हैवी सवारी साधन हटिया भित्र पस्न मनाही छ अन्यथा हटिया वट्टी शुल्क जरिवाना वापत रु.३०० लाग्ने छ र सो तोकिएको जरिवाना निर्माण सामग्री वाहेक को रकम ठेकेदारले लिने छ ।